सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग गुल्मी
५ नं. प्रदेश नेपाल

# प्रेस विज्ञप्ती

यहीं मिति २०७६/०४/७ गते विहान गएको पहिरोमा परी सत्यवती -३, ठूलोलुम्पेक र सत्यवती-४, लिम्घामा मृत्युवरण गर्न पुग्ने सम्पुर्ण मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली, परिवारजनमा गहिरो समवेदना र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं। यसरी भीषण वर्षासँगै आएको उक्त पहिरोले ठूलो जनधनको क्षति भएको छ। हालसम्म प्राप्त क्षतिको प्रारम्भिक विवरण सार्वजनिक गर्ने प्रयोजनका लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ।

सत्यवती -३, ठूलोलुम्पेकमा पहिरोमा परी ३२ वर्षीय तिलकुमारी त्रामु, ९ वर्षीय दर्शन त्रामु, ४० वर्षीय माया बिक, १६ वर्षीय बबी बिक, ६३ वर्षीय दुर्गादेवी सिँजाली गरी ५ जनाको मृत्यु भएको छ। त्यसै गरी सत्यवती -४, लिम्घामा ६५ वर्षीया छल्ली बिक, २८ वर्षीय कम्बु बिक, २५ वर्षीय निर्मला बिक, १२ वर्षीय अञ्जली बिक, १० वर्षीय हिमांशु बिक, ८ वर्षीय तारा बिक, ७ वर्षीय शिवानी बिक, डेढ वर्षीय सन्जु बिक गरी ८ जनाको मृत्यु भएको छ। यसरी सत्यवती गाउँपालिकामा पहिरोमा परी मृतकको संख्या १३ जना पुगेको छ भने घाइते दुई जनाको उपचारको लागि काठमाडौ पठाइएको छ।

भौतिक क्षतितर्फ ठूलोलुम्पेकको करिब २२ घर भत्किएका र दर्जनौं घर उच्च जोखिममा छन् सयौं घरपरिवार विस्थापित भएका छन् भने लिम्घामा १८ घर उच्च जोखिममा रहेका छन् भने कैयौं घरहरु चर्किएको, केही भत्किएको अवस्थामा छन्। पहिरोले लुम्पेकको सिङ्दीको सिद्ध आधारभूत विद्यालयको भवन बगाएको छ। बिजुली, इन्टरनेट अवरुद्ध भएको छ।

त्यसैगरी सयौं गाई, भैंसी, बाख्रा, बङ्गुर लगायतका जनावर मरेका छन् भने सयौं मुरी जग्गा र बालीनाली पहिरोमा परी विनास भएको छ। खानेपानी आयोजनाका पाइपहरु बगाएको तथा सिँचाइहरु र बाटाघाटाहरु अवरुद्ध भएका छन्।

राहततर्फ नेपालसरकारका तर्फबाट स्वयम् माननीय परराष्ट्र मन्त्रीज्यू उपस्थित भई १० क्विन्टल चामल, २ क्विन्टल दाल, १ क्विन्टल चिउरा, त्रीपाल लगायतका राहत सामाग्री वितरण गर्नु भई दुईजना घाइते धनी तरामु र करिस्मा तरामुलाई हेलिकप्टरमार्फत थप उपचारका लागि काठमाडौ लगिएको छ। प्रदेश नं.५ सरकारको तर्फबाट माननीय सामाजिक विकास मन्त्री सुदर्शन बरालज्यू

प्रमुख प्रशासकीय अधिकृत

समेत राहत सामाग्री लिएर आउनु भएको थियो। जिल्ला समन्वय समिति र विभिन्न स्थानीय तहबाट अवलोकन समेत भई सहयोगको आश्वासन प्राप्त भएको छ। जिल्ला प्रशासन कार्यालयबाट उद्धार र राहतमा निरन्तर समन्वय र सहजिकरण भइरहेको छ। सत्यवती गाउँपालिकाको तर्फबाट प्रति मृतक रु.१०,०००।– दाहसंस्कार खर्च उपलब्ध गराउने निर्णय भएको छ। लिम्घा र ठूलो लुम्पेकमा उद्धार र राहत कार्यमा गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारी, वडा समिति, वडास्तरीय विपद जोखिन न्युनिकरण समिति तथा राहत संकलन समिति, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, विभिन्न संघसंस्था, स्थानीय बासी सबै खटिरहेको अवस्था छ। भिषण वर्षाको कारणले अवरुद्ध बाटोघाटो खुलाउनका लागि डोजरहरु निरन्तर खटाइएको छ। विस्थापितहरुलाई विद्यालयहरुमा आश्रयको व्यवस्था मिलाइएको छ, जहाँ सयौं मानिसहरुलाई मेस चलाएर खानापिनाको व्यवस्था गरिएको छ। यसरी उद्धार एवम् राहतमा प्रत्यक्ष – परोक्ष रुपले संलग्न सम्पुर्णप्रति धन्यवाद ज्ञापन गर्दै;

बिस्थापितहरुलाई तत्कालै खाद्यान्न, लत्ता कपडा, स्वच्छ खानेपानी लगायतको प्रवन्ध गर्ने तथा दीर्घकालीन रुपमा सुरक्षित स्थानमा बसोबासको व्यवस्थापन गर्ने मुख्य चुनौतिको सामना गर्नको लागि सबैसँग सहयोगको अपेक्षा गर्दछौं।

मितिः२०७६/०४/०९

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
सत्यवति गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी